मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: बी.एड./तेस्रो सेमेस्टर — पूर्णाङ्क: ६०

समय: ३ घण्टा — उत्तीर्णाङ्क: ३०

बिषय: नेपाली लोकसाहित्य (नेपा.शि. ४३४/३३५)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ ।*

## समूह 'ख' — ६×५= ३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. लोकसाहित्यको परिचय सहित लोकसमाजमा यसको के कस्तो महत्व रहेको छ चर्चा गर्नुहोस् ।

२. लोकसाहित्यलाई चिनारी गराउने विशेषताहरूको सूची तयार गरी तिनलाई संक्षेपमा चिनारी गराउनुहोस् ?

३. लोकगीतका तत्वहरू के के हुन ?कुनै तीन ओटा तत्वबारे स्पष्ट पार्नुहोस् ।

**अथवा**

लोकगाथाका तत्वहरू के के हुन ? कुनै तीन ओटा तत्वबारे स्पष्ट पार्नुहोस् ।

४. लोककथा र आधुनिक कथामा पाइने समानता र भिन्नतालाई सूचीबद्ध गर्नुहोस् ।

५. उखान र टुक्काको सोदाहरण चिनारी प्रस्तुत गर्नुहोस् ।

६. लोकनाटकको परिचय दिई घाटु कस्तो प्रकृतिको लोकनाटक हो ? स्पष्ट पार्नुहोस् ।

**अथवा**

नेपाली लोककथाका प्रमुख प्रकार उल्लेख गरी कुनै दुईको चर्चा गर्नुहोस् ।

## समूह 'ग' — २ ×१० = २०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

७. नेपालको कर्णाली प्रदेशमा के कस्ता पर्वगीतहरू प्रचलनमा छन् । सोदाहरण चिनारी गराउनुहोस् ।

८ .लोकगाथाका प्रमुख प्रकारहरू उल्लेख गर्दै तिनको सविस्तार वर्णन गर्नुहोस् ।

**अथवा**

नेपाली लोकसाहित्यको परम्परा र वर्तमान स्थितिका सन्दर्भमा गरिएको कालविभाजनलाई प्रस्तुत गर्नुहोस् ।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: बी.एड./तेस्रो सेमेस्टर

बिषय: नेपाली लोकसाहित्य (नेपा.शि. ४३४/३३५)

रोल नं. ................

समूह 'क' १० × १ = १०

सर्वोत्कृष्ट उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस्।

१. लोकसाहित्यको महत्वलाई दर्शाउने प्रमुख आधार कुन हो ?
(क) स्थानीय भाषाको संरक्षण (ख) कला संस्कृतिको सम्वर्द्धन
(ग) साहित्यको प्रचार (घ) भूगोलको जानकारी

२. नेपाली लोकसाहित्यको तेस्रो चरणको सुरूवात समय कुन हो ?
(क) १९९६ वि.स. (ख) १९९९ वि.स.
(ग) २०२३ वि.स. (घ) २०२४ वि.स.

३. गेयात्मकता लोकसाहित्यको कुन विधाको प्रमुख विशेषता हो ?
(क) लोकगीत (ख) लोकगाथा
(ग) लोककथा (घ) लोकनाटक

४. लोकगाथालाई अनुष्ठानयुक्त र अनुष्ठानमुक्त गरी वर्गीकरण गर्ने आधार कुन हो ?
(क) विषयवस्तु (ख) स्थान
(ग) काल (घ) संस्कार

५. कुन गीतले कर्णाली लोकसाहित्यको प्रतिनिधित्व गर्छ ?
(क) झ्याउरे (ख) दोहोरी
(ग) डेउडा (घ) सङ्गिनी

६. सामुहिक नारी नृत्यको प्रस्तुति कुन नाटकमा पाइन्छ ?
(क) सोरठी (ख) घाटु
(ग) लीला (घ) बालुन

७. कर्खामा कुन रसको प्रधानता पाइन्छ ?
(क) करुण (ख) वीर
(ग) श्रृंगार (घ) भक्ति

८. आधुनिक कथाबाट लोककथालाई भिन्न तुल्याउने विशेषता कुन हो ?
(क) यथार्थ विषयुको प्रयोग (ख) काल्पनिक विषयको प्रयोग
(ग) मानक भाषाको प्रयोग (घ) तत्सम शब्दको प्रयोग

९. तल दिइएका पदावली मध्ये कुनले टुक्काको प्रतिनिधित्व गर्छ ?
(क) गर्जने मेघ वर्सदैंन (ख) हुने हार दैब नटार
(ग) आकाशको फल (घ) पुस फासफुस

१०. बुद्धि वा तर्कशक्तिको विकास गर्ने लोकसाहित्यिक विधा कुन हो ?
(क) गीत (ख) उखान
(ग) टुक्का (घ) गाउँखाने कथा